# कालोसूची राखिने सम्बन्धी अत्यन्त जरूरी सूचना !!

सूचना प्रकाशित मितिः २०८३/०१/१८

यस धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड मातहतका शाखा कार्यालयहरूबाट विभिन्न मितिमा कर्जा लिई नियतपूर्वक ऋण नतिर्ने, कर्जा लिंदाका बखत संस्थासँग गरेको शर्तनामा उलङ्घन गरेका ऋणीहरूलाई संस्थाले पटक-पटक मौखिक, लिखित तथा पत्रपत्रिकामा सार्वजनिक सूचना मार्फत तरताकेता गरी कर्जा भुक्तानी गर्न समय प्रदान गर्दा समेत भुक्तानी गर्न नआउने ऋणीहरू, व्यक्तिगत र घितो जमानीकर्ताहरूलाई यस संस्थाले कालोसूचीमा समावेश गर्न लागेको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा कर्जाको साँवा, ब्याज तथा हर्जना समेत सम्बन्धित शाखा कार्यालयमा बुझाउन हुन ऋणीहरू, व्यक्तिगत तथा धितो जमानीकर्ताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ, अन्यथा संस्थाले कालोसूची सम्बन्धी प्रचलित व्यवस्था अन्तर्गत कर्जा भुक्तानी गर्न नआउने ऋणीहरू, व्यक्तिगत तथा धितो जमानीहरूलाई कालोसूचीमा राख्न कर्जा सूचना केन्द्रमा सिफारिस गर्नुका साथै कानुनी प्रक्रिया अवलम्बन गरी कर्जा असुली गरिने हुँदा, कालोसूची तथा कानूनी प्रक्रियाबाट कर्जा असुली गर्दा ऋणीहरू, व्यक्तिगत तथा धितो जमानीकर्ताहरूको मान सम्मान, प्रतिष्ठामा कुनै आँच आउन गएमा समेत संस्था जवाफदेही नहुने ब्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरूलाई यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**कर्जा असुली विभाग**

## धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड
## DHAULAGIRI LAGHUBITTA BITTIYA SANSTHA LIMITED

"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था राष्ट्रियस्तर कार्यक्षेत्र भएको"

केन्द्रिय कार्यालय, बागलुङ । फोनः ०६८-५२०९०५, ५२४३५१